ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## ९-१०, मंसीर, २०६८, गौशाला, काठमाडौं

प्रस्ताव कमाङ्क-१

## शैक्षिक सुधारका आधार र आवश्यकताहरू

आर्थिक बृद्धिदर भएको नेपालमा सन् २०११ को अन्त सम्ममा ३१ प्रतिशत नेपालीहरू गरीबीको रेखामुनि जीवन यापन गरिरहेको हुनेछन् भन्ने प्रक्षेपण गरिएको छ । यसै वर्गमा निरक्षरताको पनि समस्या सबैभन्दा जटिल बनेर देखापरेको छ । सरकारले निःशुल्क शिक्षाको अवधारणा मार्फत कक्षा १ देखि ६ सम्मको प्रारम्भिक शिक्षा अनिवार्यतया प्रदान गर्ने भनिएको भएता पनि यो हुन सकेको छैन । शिक्षाका लागि भनेर ल्याइएका कार्यक्रमहरूबाट पनि सामाजिक असमानता, र पहुँचको अभावका कारण सबै समुदायका मानिसहरूले लाभ उठाउन सकिरहेका छैनन् । मातृभाषाका पुस्तकहरूको व्यापक अभाव भइरहेको अवस्थामा अन्य मुलूकका पाठ्यक्रमलाई आधार बनाएर तयार गरिएको पाठ्यक्रमले नेपालको आवश्यकतालाई सम्बोधन गर्न नसक्ने कुरामा शंका छैन । फेरि यी कार्यक्रमहरूले छ वर्ष माथिकालाई मात्र सम्बोधन गर्ने हुनाले छ वर्ष मुनिकाहरूका लागि यो कार्यक्रम अर्थहीन छ ।

जहाँसम्म अहिले भइरहेको शिक्षामा गुणवत्ताको प्रश्न छ, नेपालमा शिक्षाको गुणस्तरमा सुधारका लागि भनेर सरकारी तथा नीजिस्तरमा धेरै पहिलादेखि धेरै प्रकारका नीति र कार्यक्रमहरू आउँदै गरेका भए तापनि शिक्षाले खासै गुणवत्तामा विकासको बाटो पैल्याउन सकेको छैन भन्ने कुरामा शिक्षाका जानकारहरू एकमत छन् । सहश्राब्दी लक्ष्यको न्यूनतम लक्ष्यमध्ये एक "प्रत्येकलाई अनिवार्य प्राथमिक शिक्षा" को लक्ष्य समेत नेपालले हासिल गर्न सकिरहेको अवस्था छैन । सन् २०१५ सम्मका लागि निर्धारण गरिएको यो लक्ष्य प्राप्त हुने कुनै छाँट देखिँदैन । बलकालिकाकै कुरा गर्ने हो भने पनि करीब १४ लाख नेपाली बालबालिका स्कूल जानबाट अहिले पनि वञ्चित नै छन् ।

नेतृत्वको लाचारी, शिक्षामा प्रशिक्षणको कमी, गलत पाठ्यक्रम, शिक्षा बजेटको दुरुपयोग, अयोग्य जनशक्ति, र प्रशासन, सरकारी र गैर सरकारी संस्थाहरूको बीचमा स्पष्ट देखापरेको तालमेलको कमी प्रमुख कारणहरू हुन् ।

तीब्रतम गतिमा परिवर्तित भइरहेको विश्व परिवेशमा सफल हुनका लागि गुणस्तरीय शिक्षा एक अनिवार्य सर्त हो । शिक्षाको एनजीओ र आइएनजीओकरण व्यापक रूपमा भएता पनि सबैलाई अनिवार्य शिक्षा र राष्ट्रको आवश्यक्तालाई परिपूर्ति गर्ने राष्ट्रभक्त र दक्ष जनशक्तिको निर्माणका लागि चाहिने शिक्षा हालसम्म सबैका लागि प्राप्य हुन सकिरहेको छैन ।

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक के कुरामा सहमत छ भने प्राथमिक शिक्षाको क्षेत्रमा तत्काल सुधारको दिशामा सशक्त र परिणाममुखि कदमहरू नचाल्ने हो भने नेपालको वर्तमान र भविष्य पुस्ता पछि पर्दै जाने कुराको भविष्यवाणी सहजै गर्न सकिन्छ । त्यसैले सरकारले शिक्षा क्षेत्रका केही प्रमुख समस्याहरूलाई तत्काल सम्बोधन गरी आवश्यक कदम चालोस् । यी समस्याहरूको यथाशीघ्र सम्बोधन गर्न सराकारले दीर्घकालीन योजनामार्फत सुस्त गतिको विकासलाई गति दिई गरीबीको रेखामुनिका नेपालीहरूको जीवनस्तर उकास्ने काम नगरुञ्जेल शिक्षा सबैका लागि हुन सक्दैन । यसको पहल सरकारले गरोस् भनि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक माग गर्दछ । अशक्तता, धार्मिक र जातीय दृष्टिकोणले अल्पसंख्यक, द्वन्द पीडित, सडक बालबालिका, बेचबिखनमा परेकाहरू, घरेलु कामदार, एचआइभी तथा एड्स् संक्रमितहरूहरूको छनौट गरी उनीहरूका लागि छुट्टै शिक्षा कार्यक्रम संचालन गरी उनीहरूको शिक्षाको हक सुनिश्चित गरियोस् । कुल बजेटको कम्तीमा २० प्रतिशत, कुल ग्राहस्त उत्पादनको ६ प्रतिशत

रकम शिक्षामा विनियोजन गरियोस् । शिक्षाका लागि तोकिएको बजेटको विनियोजनमा ढिलासुस्ती र अपारदर्शितालाई निमिट्यान्न गरियोस् । स्कूल संचालनका लागि हाल अनिवार्य गरिएको न्यूनतम दिन सङ्ख्या २२० देखि बढाएर २५० गरियोस् । सरकारको मातहतमा रहेका सरकारी र सामुदायिक विद्यालयमा अनुपस्थिति, बीचमै कक्षा छोड्ने, पूर्वाधारको अभाव, परीक्षाको नतिजामा निजी स्कूलभन्दा पछि पर्ने, सरकारी योजना वापतको सरसामान र रकम नपुग्ने, समयमा पाठ्य-पुस्तक नपुग्ने र अन्य शैक्षिक सामग्री उपलब्ध नहुने जस्ता कारणले गुणस्तरीय शिक्षा सम्भव नभइरहेको अवस्था छ । शिक्षा मन्त्रालय अन्तर्गत यी क्षेत्रका गुनासाहरू सुन्ने एउटा सर्वसुलभ निकाय गठन गरी यी समस्याहरूको तत्काल समाधान गर्ने संयन्त्र सरकारले बनाओस् ।

विदेशी भूमिमा लेखिएका र छापिएका पाठ्य पूस्तकले नेपाली मर्मलाई सम्बोधन गर्न नसक्ने र यदाकदा गलत सूचना पनि सम्प्रेषण गर्ने हुनाले राष्ट्रिय अस्मितासँग सीधै सम्बन्ध राख्ने विषयहरूका पाठ्यपुस्तकलाई राम्रोसँग निरिक्षण गरी योग्य ठानिएका पुस्तकहरूलाईमात्रै अध्यापनका लागि स्वीकृति दिने व्यवस्था सरकारले मिलाओस् ।

विदेशी सहयोगमा तथा आइएनजीओको सहयोगमा शिक्षामा नयाँ प्रयोग हुनु स्वागत योग्य हो । तर पाठ्यक्रममा पनि हस्तक्षेप गरी नेपाली अस्मिता र नेपाली मर्मविपरितको विषयवस्तु थोपर्नु राष्ट्रहितमा नहुने र नेपाल के हो भन्ने कुराको मौलिक मर्म नै प्रभावित हुने खतरा देखिने हुँदा राष्ट्रहितमा यस कुरालाई नियन्त्रित गरियोस् । र राष्ट्रहितलाई नै जोखिमा राखी यस्ता दाताहरूबाट सहयोग लिइ पाठ्यक्रम निर्माणमा प्रयोग गरिने कार्य बन्द गरियोस् ।

जसरी स्कूलस्तरीय र प्राथमिक शिक्षामा समस्या छन्, उच्च शिक्षामा पनि समस्याहरू यथेष्ठ छन् । शैक्षिक सूधारको नाउँमा सम्बन्धित विश्वविद्यालयहरूसँग सरसल्लाह नै नगरी विश्वविद्यालयको अधिकार कटौत गरी सञ्चालन गर्ने अधिाकार मन्त्रालयमा रहने भनिएको भन्ने कुराहरू थाहा हुन आएका छन् । उच्च शिक्षा विधेयकमा विश्वविद्यालय अनुदान आयोग खारेज गर्ने कदमलाई प्राज्ञिक विद्यार्थी परिषद्ले शिक्षामाथि अधिनायकत्व स्थापना गर्ने पहलको रूपमा बुझेको हुँदा सोलाई तत्काल रोक्न सरकार समक्ष परिषद् माग गर्दछ ।

एकातिर देशका विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप निमिट्यान्न हुनुपर्ने भन्ने सैद्धान्तिक मान्यतामा सबै एकमत भए पनि अर्कोतिर उपकुलपति र अन्य उच्चपदस्त पदाधिकारीहरूको निर्णयमा राजनीतिक भागबण्डा देखिनु र सोकै कारण कैयौं दिन विश्वविद्यालयहरूको प्रशासनिक र शैक्षिक गतिविधि प्रभावित हुनुलाई परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक दूर्भाग्यपूर्ण मान्दै शिक्षाको राजनीतिकरणको घोर विरोध गर्दछ । साथै विश्वविद्यालयका उपकुलपति तथा अन्य उच्च प्राज्ञिक पदहरूमा आ आफ्ना राजनीतिक दलको सदस्यतापत्र (रेडकार्ड होल्डर) लिएको कार्यकर्ताहरूको नै नियुक्ति हुनुपर्छ भन्ने उद्देश्यका साथ गत केही महिना अगाडि सरकारले नौ विश्वविद्यालयका उपकुलपतिहरूको नियुक्तिका समयमा केही राजनीतिकदलका भ्रातृ संगठनहरूले आन्दोलन गर्दै विश्वविद्यालयमा तालाबन्दी गरिनुले प्राज्ञिक क्षेत्रमा राजनीतिक भूत सवारको पराकाष्ठा हो । कलेज तथा विश्वविद्यालयहरूको प्रशासनिक पदमा जहिले पनि आपसमा राजनीतिक भागबण्डा नमिल्नुका कारण लामो समयसम्म प्रशासनिक पदहरू रिक्त हुने गरेका छन् जसको कारणले शैक्षिक एवं प्रशासनिक कार्यहरूमा ढिलाइ हुनेगरेको छ । त्सयकारण परिषद्को यो केन्द्रीयकारिकारिणी समितिको बैठक राजनीतिकदल, उनीहरूका भ्रातृ संगठन अन्य प्राज्ञिक समूह एवं संगठन तथा सरकारसंग उक्त कार्यहरू त्वरित बन्द गर्न जोडदार माग गर्दछ ।

अन्तर्राष्ट्रियस्तरको विश्वविद्यालयका लागि आवश्यक न्यूनतम् मापदण्ड पुरा नगरी सम्बन्धन दिने, र न्यूनतम भौतिक पूर्वाधारबिनै पठनपाठन सञ्चालन गर्ने गराइने प्रवृत्ति पनि मौलाउँदै गएको हुँदा सोको परिषद्

विरोध गर्दछ । व्यवसायिक तथा प्राविधिक शिक्षामा भौतिक पूर्वाधार र अन्य आवश्यक वातावरण नमिलाई इन्टरनेटमार्फत विज्ञापन गर्ने र भर्ना लिने तर विद्यार्थी अध्ययन गर्न आउँदा उक्त ठाऊँमा कलेज नै नभएको अवस्था फेला परेको हुँदा पठनपाठनको त कुरै छोडौं सिधै  विद्यार्थी र अभिभावकहरूको भविष्यमाथि गम्भीर खेलवाड गरिएको छ । यि घटनाहरूले के संकेत गर्दछ भने शिक्षाक्षेत्रमा भएको राज्यपक्षको गम्भीर गैरजिम्मेवारीपन तथा शिक्षा माफियाहरूको मिलेमतो छ भन्ने यो केन्द्रीयकारिकारिणी समितिको बैठकको ठहर छ । व्यवसायिकशिक्षा जस्तै मेडिकल, नर्सिङ्ग तथा इन्जिनीयरिङ्गहरूमा निजि क्याम्पसहरूले मनपरी शुल्क वृद्धि गरेको कुरामा परिषदको गम्भीर ध्यानाकर्षण भएको हुँदा शिक्षामा भएको अनावश्यक मूल्यवृद्धिलाई रोक्नका लागि सरकारले मूल्य नियन्त्रण तथा मूल्याङ्कन गर्ने निकाय गठन गरी तुरन्त अनुगमन कार्य सुरु गरोस् ।

सरकारले कुनैपनि क्षेत्रमा विश्वविद्यालय खोल्दा विश्वविद्यालय अनुदान आयोगले  स्थलगत अध्ययन तथा अनुसन्धान गरेपछि अनि उक्त आयोगको विवरण आएपछि  मात्र खोल्ने प्रावधान छ । जसले गर्दा त्यस क्षेत्रमा जन्ताहरूमा एक आपसमा भावनाको लडाइ लड्ने कार्यको संभावना कम भएर जानेछ । साथै विश्वविद्यालय चाहिँ खोल्ने तर त्यस विश्वविद्यालयले आफ्नो नीजि क्याम्पस अन्तरगत कुनै शैक्षिक तथा प्राज्ञिक कार्यक्रम( कोर्स)हरू संचालन नगर्ने हो भने त्यस्ता विश्वविद्यालयहरूको कुनै औचित्य नै देखिदैन । मात्र कुनै कलेज क्याम्पस तथा केही स्थानहरूमा सम्पर्क(लाइजन) कार्यालय खोलेर नयाँ नयाँ क्याम्पसहरूलाई संबन्धन मात्र दिनका लागि विश्वविद्यालयहरू खोलेर के काम ? त्रिभुवन विश्वविद्यालय तथा संस्कृत विश्वविद्यालयको परीक्षा परिणाम निकै ढिलो हुनुले स्नातकोत्तर उत्तीर्ण गर्दा विद्यार्थीहरूको ३ बर्ष बढि लाग्ने भएकाले परीक्षा परिणामको बारेमा विश्वविद्यालय गम्भीर हुन प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल जोडदार माग गर्दछ ।

विश्वविद्यालयमा परीक्षा फर्म र भर्ना एकैसाथ गर्ने परिपाटीले विश्वविद्यालयको गरिमा माथि ठूलो प्रश्न चिन्ह खडा भएकोले भर्नागर्ने समय निश्चित गर्न माग गर्दछ ।

क्षेत्रीय र स्थानीय भाषामा पढ्न इच्छुक विद्यार्थीहरूलाई पढ्ने वातावरण उपलब्ध गराएपनि देशको राष्ट्रिय भाषामा सबै क्षेत्रका विद्यँार्थीहरूको समान पहुँच बनाउन सरकारले विशेष गरि पश्चिम र तराई जिल्लाहरूमा पहल गर्न विद्यार्थी परिषद् माग गर्दछ ।

नेपाल संस्कृत विश्वविद्यालयले अशल, अनुशाशित र देश प्रेमी संस्कृतिलाई संवर्धन र प्रवर्धन गर्नको लाागि विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएपनि लगानि अनुसार राष्ट्रले दक्ष जनशक्ति संस्कृत विश्वविद्यालयबाट प्राप्त गर्न नसक्नु र संस्कृतिलाई नै कमजोर पार्ने व्यवहार र राजनीति हुनुले विरोधाभास पूर्ण वातावरण बनाएकोमा विश्वविद्यालय र संबन्धित निकायको परिषद् गम्भीर ध्यानाकर्षण गराउँदछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

केन्द्रीय कार्यकारिणी समिति बैठक

९-१०, मंसीर, २०६८- गौशाला । काठमाडौं

प्रस्ताव क्रमाङ्क-२

## नेपालको वर्तमान परिस्थितिमा सरकारको गैर जिम्मेवारीपन

वर्तमान नेपाल भन्ने बित्तिकै राजनीतिक अस्थिरता, सत्ताका लागि हानथाप, दलहरू बीच भागबण्डा, भ्रष्टाचार, अधोगत अर्थतन्त्र, राजनीतिक हस्तक्षेप आदि नकारात्मक कुराहरू मात्र नै जताजतै बढि सुनिने गर्दछ । वर्तमान सरकार सुशासनमा असफल, राष्ट्रमा विधिको शासन र कानुनी राज्यको आभास नहुनु(जंगलीराज), जनताले शान्ति सुरक्षाको प्रत्याभूतिको अनुभूति नगर्नु, बजार बिक्री वितरण तथा यातायात सेवामा मनपरी शुल्क असुल्नु, शिक्षा क्षेत्रमा बन्द-हड्ताल तथा अनावश्यक राजनीतिक हस्तक्षेप हुनु, स्ववियु चुनाव समयमा नगराउनु, संविधानसभाले संविधानसभाको म्याद थपेको थपै म्याद लम्ब्याउनु, हाल सम्म पनि देशको मूल कानुन संविधानको मस्यौदा तयार नहुनु र संविधानसभामा बहस नहुनु, राज्य पुनर्संरचना सम्बन्धी कुनै ठोस सहमतिमा नपुग्नु, शान्ति सम्झौतामा ढिलाइ हुनु, राज्यका प्रतीक तथा विभूतिहरू हटाइनु, राष्ट्रिय एकता र एकात्मभावलाई बलियोसंग बाँधिराख्ने सूत्रको खोजी नगर्नु, उल्टै राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राख्नुको सट्टा देशलाई जाति र भाषाका आधारमा टुक्राटुक्रा पार्ने कुत्सित मनसायका षडयन्त्रहरूको आवाज जताजतै सुनिनु आदि कार्यहरूको नियन्त्रण गर्न सरकार असफल भएको देखिन्छ । यस्तो संक्रमणकालिन अवस्थाको फाइदा उठाइ देशले धार्मिक पहिचान गुमाएको अवस्थामा, धर्मनिपेक्षताको गलत व्याख्या गर्दै व्यापकरूपमा धर्मान्तरण गर्ने विधर्मीहरूको कुकार्य तीव्र गतिमा बढ्दै गएको छ । फलस्वरूप जनतामा नैराश्यता र राजनीतिक नेतृत्वप्रति वितृष्णा बढ्दै गएको भान हुन्छ । जब जनतामा उत्साहको कमी देखिन्छ, राष्ट्रको समग्र जीवनमा अग्रगतिको अपेक्षा गर्न सकिँदैन ।

२०६२/०६३ को महान् जन-आन्दोलको सफलताले निरङ्कुशताको अन्त्य गरी हामी सबैले लोकतन्त्रकलाई प्राप्त गरेका छौं । तसर्थ समयमै संविधान निर्माण गरी लोकतन्त्रलाई संस्थागत गर्नु राजनीतिकदलहरूको पहिलो दायित्व र कर्तव्य हो भन्ने यथार्थ स्पष्टसंग बुझ्नु जरूरी हुन्छ, नत्र राजनीतिक दलहरूले प्रतिगमनकारी भन्दै बारम्बार रट्टा लाउने शब्द नारामात्र हो भन्ने कुरा बुझिन्छ । जनतालाई काल्पनिक प्रतिगमनकारीको डर देखाई राजनीतिक दलहरूले आफू सत्तामा टिकिरहने तलब भत्ता खाइरहने, देशको ढुकुटी सिध्याउने, जस्ता स्वयं प्रतिगमनकारी कार्य गरेको अब जनतासामु छर्लङ्ग भएको छ । लोकतन्त्रमा जनताहरूको बीचमा राजनीतिकदलहरू प्रति वितृष्णा पैदाहुँदै जानु भनेकै लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतराको संकेत हो भनी राजनीतिकदलहरूले समयमै बुझ्न जरूरी छ । त्यसैले प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक राजनीतिकदलहरूलाई समयमै सचेत हुन आग्रह गर्दछ ।

सरकार र प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल जस्तो सधैं देशहितमा कार्य गर्ने सामाजिक-विद्यार्थी एवं राष्ट्रवादी संगठनका लागि यो निश्चय नै राम्रो समाचार हैन । राष्ट्रको विकासमा जनस्तरमा देखिने मनोवैज्ञानिक निराशालाई लामो समयसम्म अन्देखा गरिरहनु कदापि राष्ट्रहितमा हुँदैन । त्यसैले जनस्तरमा बढदै गएको गम्भीर मनोवैज्ञानिक नैराश्यका कारणहरूको विश्लेषण गर्ने समय आइपुगेको छ ।

नीति र कार्यक्रमहरू बन्छन्, कार्यान्वयन खासै हुँदैन । मेलम्ची खानेपानी योजना एक सुन्दर मिथकजस्तो बन्न पुगेको छ । फलस्वरूप काठमाडौं महानगर लगायतका धेरै बाक्लो जनघनत्व भएका ठाउँमा खानेपानीको समस्या दिनप्रतिदिन विकराल बन्दै गएको छ । धेरै वर्षदेखिको लोडसेडिङ्को समस्या अन्त्यका लागि ठोस केही गर्नुको सट्टा कोरा आश्वासन मात्र आएको देखिन्छ । भविष्यमा विद्युत् आपूर्ति र उर्जा संकट ननिम्त्याउनका लागि सरकारले दीर्घकालिन योजना तर्जुमा गर्न जरूरी हुन्छ । विद्युत् प्राधिकरण र ऊर्जा मन्त्रालयले विद्युत्को क्षेत्रमा विदेशी लगानिलाई भित्र्याउने र बढि भन्दा बढि विद्युत् उत्पादन गरी सस्तो दरमा जनतालाई विद्युत् उपलब्ध गराइ अन्तर्राष्ट्रिय क्षेत्रमा समेत विद्युत् बेच्ने वातावरणको सिजर्ना गर्नुको साटो अझै प्रति युनिट विद्युत् महशुल दर बढाउने प्रस्ताव हालसालै प्रस्तावित गरेको छ । उक्त प्रस्ताव आम गरीब जनताहरूको हितमा नभएको हुँदा तुरुन्त खारेज गर्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसंग जोडदार माग गर्दछ । साथै केही वर्ष अगाडिको बजेटमा प्रक्षेपण गरिएको दोहोरो अङ्कको वृद्धिदर एक हास्यास्पद दिवास्वप्न सिद्ध भएको छ । सडक किनाराका सवारी पार्किङ्ग मौसमको भेल सिद्ध भएको छ भने दशैं-तिहार ताकाका तीब्र बजार अनुगमन कार्यहरू फेरी अदृश्य बन्न पुगेका छन् । खाद्यान्नमा मिसावट जारी नै छ । एकातिर दशलाख पर्यटक भित्र्याउने भनिएको नेपाल पर्यटन वर्ष बित्न एक महिनामात्रै बाँकी छँदासम्म पर्यटकको सङ्ख्या प्रक्षेपण गरिएको सङ्ख्याको आधा पनि नाघेको छैन भने अर्कातिर सरकारले पर्यटनवर्षको लागि छुट्ट्याएको बजेट विनियोजन भर्खरै मात्र गरेको छ । मूल्यवृद्धि अनियन्त्रित आणविक क्रियाजस्तो बढेकोबढै छ । शान्तिसुरक्षामा पनि जनताले प्रत्यक्ष अनुभव गर्न पाउने खाल्को कुनै सुधार देखिएको छैन । विभिन्न घटना दुर्घटनापछि बन्ने छानबिन आयोगहरू कि त प्रतिवेदन बुझाउँदैनन्, कि त्यस्ता प्रतिवेदनहरू कार्यान्वयनमा जाँदैनन् । सरकारले ल्याएका प्रत्येक नयाँ कार्यक्रमहरू लामो समयसम्म चल्दैनन् भन्नेमा जनता स्पष्ट देखिन्छन् ।

जहाँसम्म राजनीतिको प्रश्न छ, संविधान जारी गरिनुपर्ने समयसीमा लाम्बिएको लम्बियै छ । संविधानसभाको चुनावलगत्तै बन्नुपर्ने राज्य पुनर्रचना आयोग भर्खर बनेको छ, तर अध्यक्ष पदको विवादले त्यो जन्मँदै ग्रहणमा परिसकेको छ । राज्यसंरचनाकै सन्दर्भमा पनि धेरै जटिल प्रश्नहरू जेलिएका छन् । परिषद्को दृढ अवधारणा के छ भने भाषा र जातिको आधारमा बन्ने कुनै पनि राज्य व्यवस्था राष्ट्रको एकताका लागि घातक सिद्ध हुनेछ । त्यसैले राज्यहरूको रचना भौगोलिक, प्रकाकृतिक सम्पदाको समानुपातिक वितरण, जनसंख्या लगायतका गैर-वर्गीय आधारमा हुनु पर्छ । सेना समायोजनको सन्दर्भमा ल्याइएको पुनःस्थापना प्याकेजलाई लडाकुहरूले लगभग अस्वीकार गरेको अवस्था छ, र सबै लडाकुलाई सेनामै समायोजन गर्न असम्भव रहेको स्थितिमा पुनःस्थापनामा जान नमान्ने लडाकुहरूका लागि सरकारसँग कुनै नयाँ विकल्प रहेको देखिँदैन । सरकार बन्ने, लड्ने, राज्यले धान्न नसक्ने सङ्ख्याभन्दा बढी मन्त्रीहरूको जम्बो परिषद् बनाउने, फौजदारी अभियोग लागेकाहरूलाई पनि मन्त्री र अन्य उच्च पदहरूमा नियुक्त गर्ने काम जारी छ ।

सबैलाई स्मरणै छ, व्यक्ति हत्यामा संग्लग्न भएकै कारण फौजदारी अभियोग लागेका माओवादी सभासद् बालकृष्ण ढुङ्गेललाई आममाफी दिने निर्णय गरेर सरकारले कानुनी राज्य र न्यायको उपहास गरेको छ । रिसिबीका कारणबाट पार्टीको शक्ति प्रयोग गरेर नागरिकको हत्या गर्ने जस्तो व्यक्तिलाई सर्वोच्च अदालतले कारवाहीको फैसला सुनाउँदा पनि सरकारले आममाफीको निर्णय गर्नु दूर्भाग्यपूर्ण हो ।

वर्तमान नेपालको सबैभन्दा जटिल समस्याहरूमध्ये एक हो नेपाली राष्ट्रियता र विकासका लागि नेपाली मोडेल नहुनु । हाल संविधानसभामा र सरकारमा रहेका कुनै पनि पार्टीसँग नेपालको राष्ट्रियता र विकासको मोडेलको बारेमा कुनै उत्तर तथा प्रारूप  छैन ।

देशको वर्तमान अवस्थाको यो डरलाग्दो स्थितिले जनतामा बाक्लो नैराश्यता जन्माएको छ । यस्तो नैराश्यता लामो समयसम्म रहनु राज्य र राष्ट्र दुबैका लागि घातक हो । त्यसैले प्राज्ञिक विद्यार्थी परिषद्,

नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक सकारात्क पहलहरूमा सदैव सरकारलाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्दछ साथै माथि उल्लेख गरिएका सम्पूर्ण समस्याहरूको यथाशीघ्र निवारण गरी जनतामा सकारात्मक सोचको सञ्चारण गरी राष्ट्रको विकासलाई अग्रगतिको दिशामा छिटो डोहोर्‍याउन सरकारसंग परिषद् माग गर्दछ ।

देशको राजधानीकै स्कूले बालक शुभम शाह अपहरण र हत्या हुनु, देशका महिलाहरूलाई नग्न बनाएर नचाई विदेशी र स्वदेशीहरूको रमिता बनाउने जस्ता कार्य भइरहँदा सरकार र सुरक्षा निकायले थाहा नपाएको हो अथवा थाहा पाएर पनि कारवाही नगेको हो भने सरकार आफ्नो मूल जिम्मेवारीबाट पञ्छिएको छ भन्ने परिषद्को ठहर छ ।

सरकारले नगरपालिका, जिल्ला विकास, भौतिक निर्माण एवं अन्य विकास कार्यका लागि छुट्याइएको बजेट तराईमा विभिन्न समूह र राजनीतिकदलहरूले भाग बन्डा गरेर चरम भ्रष्टाचार गर्दा पनि नियन्त्रणमा लिन नसक्नु सरकारको लापरवाही तथा असक्षमता सिद्ध भएको छ । तराईमा काम गर्ने कर्मचारीहरूलाई विभिन्न समूह र राजनीतिक पार्टीहरूले दिने गरेको दबाव र मानसिक तनावले गर्दा आत्मसुरक्षाका लागि सधैं चिन्ता गर्नुपर्ने बाध्यताले गर्दा तराईका धेरै जसो जिल्लाहरूमा स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृतहरू नजाने गएमा पनि कार्यालयमा अनुपस्थित रहने यथार्थलाई सरकारले छिट्टै समाधान गरी नागरिकमा शान्तिसुरक्षाको प्रत्याभूति दिलाउन परिषद्को यो बैठक माग गर्दछ । साथै उक्त जिल्लाहरूमा टेलिफोनको तार चोरिने, राष्ट्रिय जनावर गाइ तथा अन्य वस्तुहरूको तस्करी, मलखादहरूको अवैध ओसार-पसार जाली नोटहरूको कारोबार, जुवातासहरूको ठूल्ठूला अड्डा, अपरिचित नम्बरबाट आएको फोन उठाउँदा धेरैजसो फोनहरूबाट विभिन्न सशस्त्र समूहहरूले रकम असुल गर्ने, अपहरण गर्ने जस्ता आदि धम्की र आतङ्कले गर्दा सम्पूर्ण तराईको जनजीवन भयत्रस्त छ तसर्थ उक्त समस्याहरूको त्वरित समाधानका लागि कडा भन्दा कडा कदम चाल्न सरकारलाई परिषद्को यो बैठक माग गर्दछ ।

देशमा दिउँसै हिँड्दा अपरिचित व्यक्ति देख्ने बित्तिकै डरलाग्ने अवस्था, साँझ पर्ने वित्तिकै बजारमा सुनसान- बाहिर निस्कने अवस्था नभएको, लुटेरै खानु पर्छ भन्ने मानसिकताको विकास हुँदै गएको, हरेक व्यक्तिले प्रत्येक समस्याको समाधान हिंसात्मक बाटोबाट समाधान खोज्ने प्रवृत्तिको विकास हुँदै गएको, जुनसुकै व्यक्तिगत, पारिवारिक तथा अन्य समस्याहरूको समाधानका लागि पनि अनावश्यक रूपमा घण्टौं सडक जाम गर्ने, क्षतिपूर्तिका नाममा अनावश्यक रकम असुल तथा माग गर्ने, सार्वजनिक सम्पत्ति नष्ट गर्ने, यूवा तथा धेरैजसो नयाँ पीढीमा विचलनको अवस्था, बजारमा सिधै ठगी गर्ने, खाद्यान्न सामग्रीमा चाडवाडको अवसर छोपी एकै रातमा चालिस पर्ने वस्तुलाई भोलिपल्ट एक सय पचास गरी आकाशे र अनियन्त्रित मूल्यवृद्धि, तीर्थस्थलहरूमा छिमेकी देशहरूबाट आएका हिन्दूहरूलाई दुर्व्यवहार गर्ने, यातायातमा भाडा नै दोब्बर बढी लिने जस्ता आदि कार्यहरूमा सरकारको ध्यान नपुग्नुमा परिषद्को यो बैठक आश्चर्य व्यक्त गर्दछ ।

सुरक्षा निकायमा देखिएको विचलन र पैसामा बिक्ने प्रवृत्तिले निर्दोश नागरिकले दुख पाएको र दोषी अपराधिले छुट पाउनाले सुरक्षा निकाय प्रति सर्वसाधारणको विश्वास गुम्दै गएको छ । तत्काल सरकारले सुरक्षा निकायलाई ठीक नगरेमा देशमा अराजकता र अपराधिक गतिविधि बढ्न गई देश थप संकटमा फस्ने निश्चित हुँदा परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ ।